# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्याः-
Ref. No.
चलानी नं:-

मितिः २०८३।०३।१४
Date:

विषयः स्नातक (एलएल.बी.) तहको प्रवेश परीक्षा २०८३ को नतिजा प्रकाशित गरिएको सम्बन्धमा ।

त्रिभुवन विश्वविद्यालय, कानून संकाय, डीनको कार्यालयबाट **शैक्षिक सत्र २०८२/०८३** का लागि संचालन हुने वार्षिक परीक्षा प्रणाली अन्तर्गत **तीन बर्षे स्नातक (एलएल.बी.) तहको प्रथम बर्ष**मा त्रि.वि.का आगिंक तथा सम्बन्धन प्राप्त देहाय बमोजिमका क्याम्पसहरुमा **जम्मा ३,८०० (तीन हजार आठ सय)** सिटमा भर्ना लिनका लागि मिति २०८३।०२।२९ गते सञ्चालित प्रवेश परीक्षामा सहभागी हुनका लागि परीक्षार्थीहरुले मिति २०८२।१२।२७ गतेको आवेदन फारम भर्ने सूचनाको बुदा नं.१५ बमोजिम, अध्ययन गर्नका लागि छनौट गरी आवेदन फारम भरी परीक्षामा सहभागी भएका परीक्षार्थीहरु, देहाय बमोजिमको उतीर्ण परीक्षार्थीहरुको नतिजा त्रि.वि.अन्तर्गतका आंगिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ बमोजिम योग्यताक्रममा रहेका परीक्षार्थीहरुको भर्नाका लागि कोटा सहित देहाय बमोजिमको नतिजा प्रकाशित गरिएको छ ।

| क.स. | क्याम्पसहरुको नाम र ठेगाना | सिट संख्या | उतीर्ण संख्या | अनुतीर्ण संख्या | अनुस्थित संख्या | परीक्षार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं | ६०० सिट | २३१२ | २८६ | ४०६ | ३००४ |
| २ | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं | ३०० सिट | २९२ | ६९ | ३१ | ३९२ |
| ३ | भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | ३०० सिट | ४१० | ७५ | ६१ | ५४६ |
| ४ | महेन्द्र बहुमुखी क्याम्पस-धरान | ३०० सिट | ३१३ | ५६ | ४९ | ४१८ |
| ५ | डिग्री क्याम्पस, विराटनगर | ३०० सिट | २९५ | ४१ | २६ | ३६२ |
| ६ | महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजबिराज | ३०० सिट | २२९ | १०५ | ६० | ३९४ |
| ७ | रामस्वरुप रामसागर बहुमुखी (रा.रा.ब.) क्याम्पस, जनकपुर, धनुषा | ३०० सिट | ५६१ | २१७ | ८५ | ८६३ |
| ८ | बुटवल बहुमुखी क्याम्पस-बुटवल | ३०० सिट | ४५४ | ५५ | ४४ | ५५३ |
| ९ | महेन्द्र बहुमुखी क्याम्पस-नेपालगञ्ज | ३०० सिट | ४४७ | ५८ | ११३ | ६१८ |
| १० | सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत, वीरेन्द्रनगर | ३०० सिट | ५७९ | ६२ | १०१ | ७४२ |
| ११ | पृथ्वीनारायण क्याम्पस-पोखरा | ३०० सिट | ३४२ | ३९ | ५७ | ४३८ |
| १२ | हरिखेतान बहुमुखी क्याम्पस, बिरगञ्ज | २०० सिट | १६९ | ६७ | ३६ | २७२ |

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np

# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

मिति: २०८३।०३।१४
Date:

पत्र संख्या:-
Ref. No.
चलानी नं:-

त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम,२०५० (२०८०।०३।१२ सम्मको संशोधन सहित) को परिच्छेद ४ नियम ११क. साथै त्रि.वि.अन्तर्गतका आंगिंक क्याम्पसमा आरक्षण सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ बमोजिम त्रिभुवन विश्वविद्यालयले निर्धारित गरेको संख्यामा विद्यार्थीहरू भर्ना गर्दा प्रत्येक शैक्षिक कार्यक्रम अन्तर्गतका विषयमा जम्मा सिट संख्याको २० प्रतिशत निम्नलिखित वर्गहरुका लागि छुट्याईएका निम्नलिखित सिट संख्यामा सम्वन्धित वर्गका परीक्षार्थीहरू बिचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्नेछ।

| विपन्न समुदाय | आरक्षित सिट संख्या | | |
|---|---|---|---|
| | ६०० सिटका लागि | ३०० सिटका लागि | २०० सिटका लागि |
| क) महिला | १८ | ९ | ६ |
| अ) दलित महिला | ४ | २ | १ |
| आ) मुस्लिम महिला | २ | १ | १ |
| ख) आदिवासी/जनजाति | २० | १० | ७ |
| ग) मधेशी | १३ | ६ | ५ |
| अ) मधेशी दलित | ४ | २ | १ |
| घ) दलित | ११ | ६ | ४ |
| ङ) अपाङ्गता भएका व्यक्ति | १० | ५ | ३ |
| च) पिछडिएको दुर्गम क्षेत्र | ९ | ५ | ३ |
| छ) मुस्लिम | ८ | ४ | २ |
| ज) थारु | १२ | ६ | ४ |
| झ) अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | ९ | ४ | ३ |
| **जम्मा** | १२० (एक सय | ६० (साठी) | ४० (चालीस) |
| त्रि.वि. मा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीको छोरा/छोरी | २ (दुई) | २ (दुई) | २ (दुई) |

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np

**द्रष्टव्य**

- आदिवासी जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको बर्गीकरण अनुरुप टप टु बटमको आधारमा भर्ना लिनु पर्नेछ ।
- मधेशीको हकमा **पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि**, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसीभन्दा पहिलो प्राथमिकताका आधारमा भर्ना लिनु पर्नेछ ।
- अपाङ्गता भएका विद्यार्थीमध्ये छनौट गर्नु पर्दा निलो, पहेंलो र सेतो परिचय-पत्र अनुसार प्राथमिकताका आधारमा भर्ना लिनु पर्नेछ ।
- "अन्य"को हकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यमध्ये उत्कृष्ट अङ्क ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना लिनु पर्नेछ ।
- भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु तथा सिफारिस-पत्रहरु नक्कली भएको ठहरीएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाइएमा त्यस्तो भर्ना स्वत: रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा क्रमश: योग्यताक्रममा रहेको विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।
- विभिन्न बर्गका विद्यार्थीहरुको लागि छुट्याईएको सीटमा प्रवेश परीक्षाको न्यूनतम् ४०% (चालिस प्रतिशत) अंक प्राप्त नगरेमा वा सो बर्गका विद्यार्थीहरु भर्ना नभई कुनै सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।
- भर्ना हुँदाका समयमा विद्यार्थीहरुले आफ्नो नागरिकता, शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्र सहित र त्रि.वि. भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले त्रि.वि.बाट मान्यता प्राप्त भएको समकक्षता (Equivalence) , Migration Certificate लगायत प्रमाणपत्र समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
- तोकिएको मिति भित्र कुनै विद्यार्थी भर्ना नभई सीट खाली हुन आएमा क्रमश: योग्यताक्रम (Merit-List) मा रहेका विद्यार्थीहरु मध्येबाट भर्ना लिनु पर्नेछ । नतिजा प्रकाशन भएको क्याम्पसमा निर्धारित सिट संख्या भन्दा कम परीक्षार्थीहरु उतीर्ण भएको अवस्थामा खाली भएको सिट संख्या तोकी भर्ना हुन आउनका लागि सूचना आवह्वान गर्नुपर्नेछ । सूचना बमोजिम प्रवेश परीक्षामा उतीर्ण भएका अन्य क्याम्पसका परीक्षार्थीहरुले भर्नाका

# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

मिति: २०८३।०३।१४
Date:

पत्र संख्या:-
Ref. No.
चलानी नं:-

लागि निवेदन पेश गरेमा आवेदकहरु मध्येको योग्यताक्रम (Merit-List) मा रहेका विद्यार्थीहरु मध्येबाट भर्ना लिनु पर्नेछ ।

- यो नतिजा नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा उपलब्ध गराइने छात्रवृत्तिको प्रयोजनका लागि समेत लागू हुनेछ ।
- मिति २०८३।०२।२९ गते संचालित स्नातक (एलएल.वी.) तहको प्रवेश परीक्षामा आवेदक फाराम भरेका जम्मा परीक्षार्थी संख्या ८६२३ मध्ये ११ जनाको आवेदन फारम रद्द गरी ८६१२ जना परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा सहभागी गराउनका लागि सिम्बोल नं.जारी गरिएकोमा ५ जना परीक्षार्थीहरुले २ वटा क्याम्पसहरु छनौट गरी आवेदन फारम भरेको कारण निजहरुको जारी गरिएको सिम्बोल नं.८३१४६०, ८३३९२७, ८३३७१२, ८३४४८४ र ८३५०३२ भएको **प्रवेश पत्र रद्द** गरिएको छ ।
- कानून संकायबाट जम्मा **८६०७** जना परीक्षार्थीहरुको सहभागी हुनका लागि प्रवेश पत्र जारी गरिएकोमा उपत्यका बाहिर ९ वटा र उपत्यका भित्र ५ वटा क्याम्पसहरुमा परीक्षाकेन्द्रहरु राखी परीक्षा संचालन हुँदा १४ वटा परीक्षाकेन्द्रहरुबाट जम्मा **७५३८** परीक्षार्थीहरु परीक्षामा सहभागी भएको र **१०६९** जना परीक्षार्थीहरु अनुपस्थित रहेको छ ।
- परीक्षाको मर्यादा विपरीत कार्य गरेको कारण महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको परीक्षाकेन्द्र जे.एस.मुरारका बहुमुखी क्याम्पस, लाहान, सिरहामा सहभागी रहेको **सिम्बोल नं.८३८३२८ र ८३८४२१** भएको २ जना परीक्षार्थीहरु र रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुरमा सहभागी रहेको सिम्बोल **नं.८३४८१८** भएको १ जना परीक्षार्थी, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंजमा सहभागी रहेको सिम्बोल **नं.८३६२०४** भएको १ जना परीक्षार्थी गरी ४ जना कारवाहीमा परी निजहरुको उत्तरपुस्तिका रद्द गरिएको छ ।
- महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको परीक्षाकेन्द्र जे.एस.मुरारका बहुमुखी क्याम्पस,लाहान, सिरहामा सहभागी रहेको **सिम्बोल नं.८३८३७२** भएको १ जना परीक्षार्थीले आफनो उत्तरपुस्तिकामा संकेत राखेको व्यहोरा परीक्षणको क्रममा देखिएकोले निजको उत्तरपुस्तिका परीक्षण नगरी रद्द गरिएको छ ।
- यस एलएल.बी.को प्रवेश परीक्षामा सहभागी भएको परीक्षार्थीहरु मध्ये जम्मा **५** वटा परीक्षार्थीहरुको उत्तरपुस्तिकाहरु कारवाहीमा परी रद्द गरिएको छ ।

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np

# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्याः-
Ref. No.
चलानी नंः-

मितिः २०८३।०३।१४
Date:

- सिम्बोल नं.८३६७६१ को परीक्षार्थीले अध्ययन गर्नका लागि महेन्द्र बहुमुखी क्याम्पस,धरान र सिम्बोल नं.८३८५३९ को परीक्षार्थीले महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज छनौट गरेको र सिम्बोल नं.८३६७६१ को परीक्षा केन्द्र महेन्द्र बहुमुखी क्याम्पस, धरान र सिम्बोल नं.८३८५३९ को परीक्षार्थीको लागि जे.एस.मुरारका बहुमुखी क्याम्पस, लाहान तोकिएमा निज परीक्षार्थीहरुले महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंजमा सहभागी भएको व्यहोराको चलानी नं.१३३८ मिति २०८३।०२।२९ गतेको महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंजको पत्रबाट देखिएकोले तोकिएको परीक्षाकेन्द्र भन्दा अन्यत्र परीक्षाकेन्द्रमा सूचना विपरीत सहभागी हुने परीक्षार्थीहरुको **सिम्बोल नं.८३६७६१ र सिम्बोल नं.८३८५३९ को** उत्तरपुस्तिका प्रवेश परीक्षा संचालन समितिको निर्णयानुसार परीक्षण नगर्ने निर्णय गरी उक्त उत्तरपुस्तिका रद्द गरिएको छ ।
- प्रकाशित नतिजामा कुनै किसिमको प्राविधिक त्रुटी भएको गुनासो भएमा **मिति २०८३।०३।१७ गते बुधवार कार्यालय समय ५ बजे भित्र कानून संकाय, डीनको कार्यालय (KANOON SANKAYA DIN KO KARYALAYA) को नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नम्बर २१७००१००१९२४३४००००१** मा प्रति परीक्षार्थी **रु.५००।- (पाँच सय) मात्र** जम्मा गरी सक्कल भौचर,प्रवेश पत्र सहित डीन कार्यालयको इमेल ठेगाना admin@fol.tu.edu.np मा निवेदन दिनुपर्नेछ ।
- प्रकाशित नतिजामा कुनै प्राविधिक अस्पष्टता भएमा परीक्षा समितिको अभिलेख अनुसार सच्चाइनेछ ।
- डीन कार्यालयबाट अन्तिम नतिजा मिति २०८३।३।१८ गते प्रकाशित गरीनेछ ।
- प्राविधिक त्रुटी भएको गुनासो दर्ता गराउने म्याद समाप्त भएपछि मिति २०८३।०३।१९ गते सम्बन्धित क्याम्पसहरुमा भर्ना गर्नका लागि अन्तिम नतिजा प्रकाशन गरिएको सूचना पठाइनेछ । अन्तिम नतिजाको सूचना प्राप्त भएपछि एलएल.वी.प्रथम वर्षमा विद्यार्थी भर्ना गर्नु पर्नेछ ।

(डा. नेवल चौधरी)
सहायक डीन एंव संयोजक
प्रवेश परीक्षा संचालन समिति

मिति : २०८३/०३/१४